# बुद्धभुमी नगरपालिका
# नगरपालिकाको कार्यालय

बुद्धी, कपिलवस्तु
५ नं. प्रदेश

मिति २०७५।११।१८

## अत्यावश्यक औषधी एवम् सर्जिकल सामान खरिद सम्वन्धि शिलवन्दी दरभाउ पत्र आहवानको सुचना

### प्रथम पटक प्रकाशित मिती २०७५।११।१८

यस बुद्धभुमी नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरु बाट आर्थिक वर्ष २०७५।०७६ मा निशुल्क रुपमा वितरण गरिने औषधी तथा सर्जिकल सामानहरु शिलवन्दी दरभाउ पत्र मार्फत खरिद गर्नुपर्ने भएकोले तपशिलको विवरणमा तोकिएका सर्तहरुको अधिनमा रहि १५ दिन भित्र शिलवन्दी दरभाउ पत्र इच्छुक फर्म तथा सप्लायर्सलाइ यस कार्यालयमा आवश्यक प्रकिया पुरा गरी दर्ता गर्नको लागि यो सुचना प्रकाशन गारिएको छ ।

तपशिल :

१.सप्लाई गर्ने **WHO G.M.P. Certified Compeny** बाट उत्पादित औषधी हुनु पर्ने छ । र सर्जिकल सामानको हकमा **ISO Certified Compeny** नेपाल सरकारबाट वन्देज नगाएको हुनु पर्ने छ ।

२. औषधीको म्याद स्टोर दखिला भएको मितिमा कम्तीमा ७५ प्रतिशत हुनुपर्ने छ । औषधीको प्रत्येक स्ट्रीप र प्रत्येक प्याकिङमा उत्पादन मिति एक्सपाएर मिति व्याच नं. र नेपाल सरकारबाट निशुल्क वितरण भन्ने शब्द उल्लेख भएको हुनु पर्ने छ ।

३. औषधी सप्लार्यर फर्मले कवोल गरेको औषधी कार्यालय सम्म ढुवानी गर्नु पर्ने छ ।

४ .शिलवन्दी दरभाउ फर्म फारम यस कार्यालयको एन.एम.वि.वैंक गोरुसिंगेमा रहेको संन्चित कोष हि.खा.नं. ०४४००६००५५९९७६००००१ मा रु २०००( फिर्ता नहुने गरी ) जम्मा गरी सक्कल भौचर ल्याई खरिद गर्नु पर्ने छ ।

५. औषधी सप्लार्यर कर्ताले औषधी दर्ता प्रमाण पत्र कम्पनी दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, आयकर प्रमाण पत्रका प्रतिलिपि दरभाउको साथ पेश गर्नु पर्ने छ ।

६. शिलवन्दी दरभाउ पत्र दर्ता गर्दा जमानत वापतको रकम तपशिलका दरले यस कार्यालय नाम रहेको एन.एम.वि.वैंक गोरुसिंगे शाखामा धरौती खाता नं. ०४४००६००५५९९७६००००४ मा नगद दाखिला सक्कलै भौचर वा कम्तीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य वैंकको वैंक ग्यारेन्ती पत्र शिलवन्दी दरभाउ पत्र साथ पेश गर्नु पर्ने छ ।

७ दरभाउ पत्रको स्वीकृत भएपाछि कार्यालय सम्झौता विवरण तोकेको अवधि भित्र औषधी तथा सामानहरुको सप्लाई गर्नू पर्ने छ । र सम्पुर्ण सामानहरु प्राप्त भएपाछि नियम अनुसार भुक्तानी हुने छ । सम्पुर्ण सामानहरु बुझाउन नसकेमा सर्वजानिक खरिद ऐन २०६३ र सर्वजानिक खरिद नियमावाली २०६४ तथा अन्य प्रचालित नियम वामोजिम कारवाही हुने छ ।

८. प्रथम प्रटक सुचना प्रकाशित भएको मिति १६औ दिनको १२ वजे भित्र दरभाउ फारम शिलवन्दी गरी रितपुर्वक यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । दर्ता भएका शिलवन्दी वोलपत्र फारमहरु १६ औ दिनको २ वजे वोलपत्र दर्ता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलवन्दी दरभाउ पत्र खोल्न वाधा पर्ने छैन । शिलवन्दी दरभाउ पत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजानिकविदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

९.शिलवन्दी दरभाउ पत्रमा दररेत भर्दा मु.अ.कर बाहेकको रकम अंक र अक्षरमा प्रस्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा उल्लेख भएको दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिने छ ।

१०. रित नपुगेको दरभाउ पत्र माथि कुनै कारवाही गरिने छैन ।

११. यस सुचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु प्रचलित कानुन अनुसार हुने छन ।

१२ सिलवन्दी दरभाउ पत्रका सम्वन्धमा अन्य केहि थप कुरा बुझ्नु पर्नेमा कार्यालय समय भित्र यस कार्यालय भित्र बुझ्नसकिने छ ।

| ठेक्का नं. | विवरण | स्टीमेट रकम ( मु.अ.क.सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| ०२ | औषधी तथा सर्जिकल सामान खरिद कार्य | १९९९७८२६ | ६०००० | |

११।१८

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

Scanned by CamScanner